**सुदूरपश्चिम प्रदेश**
**मन्त्रिपरिषद बैठकको निर्णयहरु**
**प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३५/२०७५**
**मितिः- २०७५/१०/०६**

## प्रदेशमन्त्रिपरिषद् बैठक संख्या ३५/२०७५ को निर्णय उतार
## देहायका प्रस्तावमा देहायमा लेखिए बमोजिम गर्ने;

१. "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५"स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/२३/१११-२०७५/१०/०६ को प्रस्तावका सम्बन्धमा देहायबमोजिम संसोधन गरी स्वीकृत गर्ने-
   (१) दफा १३ को उपदफा (१) (२) (३) र (४) को विभिन्न खण्डमा उल्लेख गरिएको "स्थानीय तहले" भन्ने शब्दावलीको सट्टा"जिल्ला समन्वय समितिले"भन्ने शब्दावली राख्ने ।

२. "प्रदेश विषेश अनुदान सम्बन्धी कार्यविधि,२०७५"स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/२४/११२-२०७५/१०/०६ को प्रस्तावका सम्बन्धमा देहायबमोजिम संसोधन गरि स्वीकृत गर्ने-
   (१) दफा ११ को उपदफा (१) (२) (३) र (४) को विभिन्न खण्डमा उल्लेख गरिएको "स्थानीय तहले" भन्ने शब्दावलीको सट्टा "जिल्ला समन्वय समितिले" भन्ने शब्दावली राख्ने ।

३. "नागरिक सिमा सहायता कक्षा सम्बन्धी कार्यविधि,२०७५"लाई स्वीकृत गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/१५/११३-२०७५/१०/०६ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. "प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" लाई स्वीकृत गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/१६/११४-२०७५/१०/०६ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. "मालाखेती अस्पताल कैलाली, जोगबुडा अस्पताल डडेल्धुरा, गोकूलेश्वर अस्पताल दार्चुलालाई पन्ध्र सैयाबाट पच्चीस सैयाको अस्पताल र प्रा.स्वा.केन्द्र बेलौरी कञ्चनपुरलाई पच्चीस सैयाको अस्पतालमा स्तरोन्नती गर्ने" विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/१५/११५-२०७५/१०/०६ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"